# स्वर्गद्वारी नगरपालिका

# लुम्बिनी प्रदेश, नेपाल

# लैंगिक हिंसा निवारण कोष संचालन मापदण्ड, २०७७

स्वर्गद्वारी नगरपालिका

नगरकार्यपालिकाको कार्यालय, भिंग्री प्युठान

# स्वर्गद्वारी नगरपालिकाको लैंगिक हिंसा निवारण कोष सञ्चालन मापदण्ड, २०७७

**प्रस्तावनाः**

नेपालको संविधान, २०७२ को धारा ३८ को महिलाको हकको कार्यान्वयन गर्न र लैंगिक हिंसाबाट पीडित वा प्रभावितलाई तत्काल उद्धार गर्न, औषधि उपचार गर्न वा पुनः स्थापना गर्न कार्यका लागी नगरपालिकामा लैंगिक हिंसा निवारण कोष स्थापना गरी सो कोषकाट पीडित वा प्रभावितलाई रकम प्रदान गर्ने कार्यलाई सरल, सहज एवं प्रभावकारी बनाउनको लागि लैंगिक हिंसा निवारण कोष संचालन नियमावली, २०६७ तथा लैंगिक हिंसा निवारण कोष स्थापना तथा विस्तारका लागि सशर्त अनुदान रकम खर्च सम्बन्धी मापदण्ड, २०७६ को अधिन एवं स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी स्वर्गद्धारी नगरपालिकाको **"लैंगिक हिंसा निवारण कोष सञ्चालन मापदण्ड, २०७७"** तयार गरिएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ :

क) यो कार्यबिधिको नाम स्वर्गद्वारी नगरपालिकाको लैंगिक हिंसा निवारण कोष सञ्चालन मापदण्ड, २०७७ रहने छ ।

ख) यो मापदण्ड स्वर्गद्वारी नगरपालिकाको नगर प्रमुख ज्यू बाट प्रमाणिकरण भएपछि लागु हुने छ ।

## २. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा :

क) नगरपालिका भन्नाले स्वर्गद्वारी नगरपालिकालाई सम्झनु पर्नेछ ।

ख) कोष भन्नाले दफा (३) बमोजिमको लैंगिक हिंसा निवारण कोष समझनु पर्छ ।

ग) पिडित भन्नाले लैंगिक हिंसाबाट पिडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ ।

घ) घरेलु हिंसा भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिईएको शारिरिक , मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्दछ ।

ङ) लैंगिक हिंसा भन्नाले सार्वजनिक वा निजि जीवनमा लिङ्गको आधारमा कसैप्रति शारिरिक, माानसिक वा यौनजन्य क्षति वा पिडा पुर्‍याउने कार्य सम्झनु पर्दछ र सो शब्दले लिङ्गको आधारमा हुने वा हुन सक्ने कुनै पनि प्रकारको अपमानजन्य , पिडाजन्य वा धम्कीपूर्ण व्यवहार , दवाव, करकाप वा

स्वच्छाचारी रुपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्न बाट वञ्चित गर्ने कुनै कार्य समेतलाई जनाउछ ।

च) “ कोष सञ्चालन समिति” भन्नाले मापदण्डको दफा (९) बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

## ३ कोष स्थापनाः

१) लैङ्गिक हिंसा पिडित र प्रभावितको तत्काल उद्धार , राहत र पुनःस्थापना गर्ने कामका लागि स्वर्गद्वारी नगरपालिकाले एक हिंसा निवारण कोष खडा गरेको छ ।

२) कोषमा देहाय बमाजिमको रकम जम्मा गर्न सकिने छ ।

क) संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम,

ख) स्वर्गद्वारी नगरपालिकाले आन्तरिक स्रोतबाट छुट्ट्ईएको रकम,

ग) विभिन्न संघ संस्था वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त रकम,

घ) अन्य कुनै आन्तरिक तथा बाह्य स्रोतबाट प्राप्त रकम,

ङ) बैंक खातामा रहेको मौज्दात बाट प्राप्त व्याज रकम,

## ४ कोषमा रकम जम्मा गर्नेः

स्वर्गद्धारी नगरपालिकाले प्रत्येक वार्षिक बजेटमा व्यवस्था गरि कोषमा रकम जम्मा गर्नुपर्ने छ ।

## ५. कोषको उपयोगः

१. कोषको रकम देहाएको कामको लागि उपलब्ध गराउन सकिने छ :-

क) पिडितलाई तत्काल उद्धार गर्न,

ख) पिडितलाई औषधि उपचार गर्न,

ग) पिडितलाई तत्काल उपचार गराउदा लागेको खर्च पिडकले तत्काल बेहोर्न नसक्ने भई अदालतको आदेश बमोजिम त्यस्तो पिडितको स्वास्थ्य उपचार गर्न,

घ) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउने,

ङ) पिडितलाई कानुनी सहायता, मनोबैज्ञानिक उपचार तथा मनोपरामर्श लगाएतका सेवा प्रदान गर्न,

च) सिपमुलक तालिम प्राप्त पिडितलाई स्वरोजगारका कुनै व्यवसाय व्यवस्थापन गर्नको लागि अनुदान रकम प्राप्त गर्न ,

छ) पिडित र प्रभावितको लागि पुनस्थापना गराउन,

ज) अल्पकालिन महिला सुरक्षा सेवा केन्द्र संञ्चालनको लागि माग भई आएमा समितिले आवश्यक ठानेमा आवश्यकता र औचित्यताको आधारमा सेवा केन्द्र संचालनको लागि रकम प्रदान गर्न,

झ) पिडितको लागि कोष परिचालन समितिले तोके बमोजिमको अन्य काम गर्न ।

२ उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कोष सञ्चालन समितिले लैङ्गिक हिंसाबाट पिडित बालबालिका तथा किशोरकिशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागुपदार्थको दुर्व्यशनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथामिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

## ६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :

कोषको रकम दफा (५) बमोजिम बाहेक अन्य कामका लागि उपयोग गर्न सकिने छैन ।

## ७. राहत तथा आर्थिक सहयोगको आधारमा मापदण्डः

१) स्वर्गद्वारी नगरपालिकाको कोष परिचालन समिति गठन गरी पिडित र प्रभावितलाई राहत तथा आर्थिक सहयोग प्रदान गर्नु पर्दछ ।

२) कोष सञ्चालन समिति उपदफा (१) बमोजिम पिडित र प्रभावितलाई रकम उपलब्ध गराउदा देहायबमोजिमको रकमको हद र आधार लिनु पर्दछ ।

क) पिडितलाई तत्काल उद्धार, औषधि उपचार, पुनःस्थापना वा राहत तथा आर्थिक सहयोग नगरेमा गम्भिर मानवीय क्षति हुने देखिएमा कोष सञ्चालन समितिले निर्णय गरि २० हजार रुपैया नबढ्ने गरी मनासिव रकम,

ख) हिंसा पिडितले कुनै सीपमुलक तालिम प्राप्त गरी व्यवसाय सञ्चालन गर्नका लागि वस्तुगत सहयोग वा नगद अनुदाान माग गरेमा व्यवसायको प्रकृती र औचित्यताको आधारमा प्रति व्यक्ति बढीमा २० हजार रुपैया,

ग) पिडितलाई कानुनी सहायता मनोवैज्ञानिक उपचार वा मनोपरामर्शका लागि पाँच हजार रुपैया नबढ्ने गरी लागेको यथार्थ खर्च,

घ) पिडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भएमा सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रति दिन तिन सय रुपैया र बास बस्नुपर्ने भए सो वापत छुट्टै रकम दिनुपर्ने भएमा प्रति दिन पाँच सय रुपैयाको दरले लागेको यथार्थ खर्च रकम,

ङ) पिडितलाई अस्पतालमा भर्ना गरी औषधि उपचार गर्नुपर्ने भएमा अस्पताल आउदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम खाना खर्च वापत प्रतिदिन तिन सय रुपैया अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा वास खर्च वापत प्रतिदिन पाँच सय रुपैया र उपचार खर्चको यथार्थ रकम,

च) कोष सञ्चालन समितिले तोके बमोजिमको अन्य कामको लागि कामका प्रकृती, आवश्यकता र औचित्यताको आधारमा बढीमा दश हजार रुपैया,

## ८. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनुपर्नेः

१) यस मापदण्ड बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहाने पिडित वा सरोकारवाला व्यक्तिले राहात तथा आर्थिक सहयोग पाउनुपर्ने मनासिव कारण खुलाई कार्यालयमा निवेदन दिनुपर्ने छ ।

२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा पिडित तथा प्रभावितलाई राहात तथा आर्थिक सहयोग उपलब्ध गराउनुपर्ने आधार देखिएमा मापदण्डको दफा (७) बमोजिम कोष सञ्चालन समितिले निर्णय गरी उपलब्ध गराउनु पर्ने छ ।

३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएता पनि पिडित तथा प्रभावितलाई तत्काल राहत तथा आर्थिक सहयोग गराउनुपर्ने मनासिव आधार देखिएमा दफा (७) बमोजिम कोष सञ्चालन समितिबाट पछि अनुमोदन गराउने गरी संयोजकले तत्काल उपलब्ध गराउनु पर्नेछ ।

४) उपदफा (१) बमोजिम प्राप्त निवेदन अनुसार जाँचबुझ गर्दा पिडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने आधार नदेदिएमा सो को जानकारी निवेदकलाई गराउनु पर्नेछ ।

## ९. कोष संचालन समितिको गठनः

९.१ कोषको संचालन तथा व्यवस्थापन गर्ने प्रयोजनको लागि एक कोष संचालन समिति रहने ।

९.२ समितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) नगर उप-प्रमुख संयोजक

(ख) प्रमुख प्रशासकिय अधिकृत सदस्य

(ग) सामाजिक विकास समितिको संयोजक सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख सदस्य

ङ) जनस्वास्थ्य प्रवर्धन शाखा प्रमुख सदस्य

च) ईलाका प्रहरी कार्यालय अधिकृत प्रतिनिधि सदस्य

छ) कानुनी मामिला शाखा प्रमुख सदस्य

ज) लैंगिक हिंसा निवारणको क्षेत्रमा कार्य गर्ने संघ संस्थाहरुमध्यबाट संयोजकले मनोनित गरेको एक जना सदस्य

झ) महिला बालबालिका तथा सामाजिक विकास शाखा प्रमुख सदस्य सचिव

## १०. समितिको काम कर्तव्य र अधिकारः

समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) लैंगिक हिंसा पिडित तथा प्रभावितको उद्धार गर्ने, पुनःस्थापना गर्ने तथा आर्थिक सहयोग उपलब्ध गराउने सन्दर्भमा कार्यक्रम तर्जुमा गर्ने,

ख) लैंगिक हिंसा पिडित तथा प्रभावितको पहिचान गर्ने र वास्तविक पिडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

ग) स्वीकृत कार्यक्रमका लागि कोष परिचालन गर्ने गराउने,

घ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

ङ) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने गराउने,

च) लैंगिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकाय सँग समन्वय गर्ने,

छ) समितिलाई तत्काल आवश्यक पर्ने कोषमा रहेको रकम उपयुक्त क्षेत्रमा लगानी गर्ने,

ज) कोषमा रकम वृदिको लागि खोजि गर्ने,

झ) लैंगिक हिंसा पिडित तथा प्रभावित सम्बन्धी अन्य काम गर्ने वा गराउने ।

## ११. समितिको बैठक र निर्णयः

क) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ,

ख) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

ग) समितिको कुल सदस्य संख्याको ५० प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको गणपुरक संख्या पुगेको मानिनेछ ,

घ) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थीतिमा उपस्थीत सदस्यहरु मध्येबाट छानेको सदस्यले गर्नेछ,

ङ) समितिको बैठकमा बहुमतको राय मान्ने हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ,

च) समितिले आवश्यकता अनुसार नगरपालिकाको कुनै पदाधिकारी वा कर्मचारीलाई समितिको बैठकका रुपमा प्रर्यव्यक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ,

छ) समितिको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गरी राखीनेछ,

ज) समितिको बैठक सम्बन्धी अन्य कार्यबिधि समितिको बैठकमा निर्णय गरी निर्धारण गर्न सकिनेछ ।

## १२. समितिको प्रशासनिक खर्चः

समितिको प्रशासनिक खर्च कोषमा जम्मा भएको रकम र सो कोषबाट ब्याज रकमको ५ प्रतिशत भन्दा बढी हुने छैन,

## १३. खाता सञ्चालनः

क) कोषको रकम समितिको निर्णय बमोजिम कुनै बाणिज्य बैंकको खातामा खोली जम्मा गर्नु पर्नेछ,

ख) उपदफा (क) बमोजिम खाता सञ्चालन प्रमुख प्रशासकिय अधिकृत र लेखा शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

## १४. कोषको लेखा र लेखा परिक्षणः

कोषको लेखा र लेखा परिक्षण नगरपालिकाले अपनाएको लेखा प्रणाली र लेखा परिक्षण प्रक्रिया बमोजिम हुनेछ ।

## १५. कोषको रकम फ्रिज नहुनेः

कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्य सम्म बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

## १६. प्रतिवेदन पेश गर्नेः

१) समितिले आफुले गरेको कार्यको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र नगरकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

२) उपदफा (१) बमोजिम समितिले पेश गरेको प्रतिवेदन नगरकार्यपालिकाले सार्वजनिक गर्नेछ ।

## १७. बैठक भत्ता :

समितिका संयोजक र सदस्यले समितिको बैठकमा भाग लिए वापत नगर कार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता पाउनेछन ।

## १८. कोषको सचिवालयः

कोषको सचिवालय नगरकार्यपालिकाको कार्यालयमा रहनेछ ।

## १९. अभिलेख राख्नेः

समितिले आफुले गरेका कामको अभिलेख दुरुस्त राख्नुपर्नेछ ।

## २०. निर्देशन दिन सक्नेः

क) नगरकार्यपालिकाले समितिको काम कारवाहीको सन्र्दभमा समितिलाई निर्देशन दिन सक्नेछ ।

ख) उपदफा (क) बमोजिम नगरकार्यपालिकाले दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

## २१. अधिकार प्रत्यायोजनः

समितिले यस कार्यविधि बमोजिम आफुलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार समितिको संयोजक, सदस्य वा नगरकार्यपालिकाले तोकेको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

## २२. कोष खारेज हुन सक्नेः

क) कुनै कारणबस कोष सञ्चालन गर्न आवश्यक नदेखिएमा नगरपालिकाको निर्णयबाट कोष खारेज गर्न सकिनेछ ।

ख) उपदफा (क) बमोजिम कोष खारेज नभएमा कोषको रकम हस्तान्तरण सम्बन्धी निर्णय नगरपालिकाको बैठकबाट हुनेछ ।